अपिहिमाल गाउँपालिका

स्थानीय राजपत्र

खण्ड : ०७ संख्या : ३४ मिति : २०८०/११/३०

भाग - २

**अपिहिमाल गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**खण्डेश्वरी, दार्चुला**

**सुदुरपश्चिम प्रदेश**

---

नेपालको संविधान बमोजिम अपिहिमाल गाउँपालिकाको गाउँ कार्यपालिकाले तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

**अपिहिमाल गाउँपालिकाको एकीकृत पर्यटन सूचना केन्द्र सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८०**

गाउँ कार्यपालिकाबाट स्वीकृत मिति

२०८०।११।२९

**प्रस्तावना**: गाउँपालिकाको प्राकृतिक सम्पदा र परम्परागत कला तथा साँस्कृतिक सम्पन्नतालाई विश्व पर्यटक समक्ष प्रचार, प्रसार र प्रवर्द्धन गरी पर्यटन क्षेत्रको विकासमा नवीनता थप्न तथा पर्यटन व्यवसायलाई सुरक्षित, भरपर्दो र विश्वासनीय बनाउँदै पर्यटनको माध्यमबाट गाउँपालिकामा रोजगारीको अवसर सृजना गर्न एकीकृत पर्यटन सूचना केन्द्रको स्थापना र व्यवस्थापन गर्न वाञ्छनीय भएकोले,

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) तथा अपिहिमाल गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी गाउँ कार्यपालिकाले देहायको कार्यविधि बनाएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम “अपिहिमाल गाउँपालिकाको एकीकृत पर्यटन सूचना केन्द्र सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८०” रहेको छ ।

(२) यो कार्यविधि गाउँपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि लागू हुनेछ ।

२. **<u>परिभाषा</u>** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "गाउँपालिका" भन्नाले अपिहिमाल गाउँपालिकालाई सम्झनु पर्दछ ।

(ख) "कार्यपालिका" भन्नाले अपिहिमाल गाउँपालिकाको गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

(ग) "अध्यक्ष" भन्नाले अपिहिमाल गाउँपालिकाको अध्यक्ष सम्झनु पर्दछ ।

(घ) "उपाध्यक्ष" भन्नाले अपिहिमाल गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्दछ।

(ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले अपिहिमाल गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

(च) "कार्यालय" भन्नाले अपिहिमाल गाउँपालिकाको गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ । सो शब्दले वडा कार्यालय समेतलाई जनाउदछ ।

(च) "एकीकृत पर्यटन सूचना केन्द्र" भन्नाले अपिहिमाल गाउँपालिकाको वडा नम्बर पाँचको मकरीगाडमा स्थापना भएको एकीकृत पर्यटन सूचना केन्द्रलाई सम्झनु पर्दछ ।

(छ) "विशिष्टीकृत संस्था" भन्नाले पर्यटन क्षेत्रको विकास, विस्तार र प्रवर्द्धनको क्षेत्रमा कार्यरत सरकारी, गैर सरकारी संस्थालाई सम्झनु पर्दछ ।

(ज) "समिति" भन्नाले दफा ६ बमोजिमको सञ्चालक समिति सम्झनु पर्दछ ।

(झ) "स्थानीय संस्था" भन्नाले अपिहिमाल गाउँपालिका भित्र कार्यक्षेत्र रहने गरी दर्ता भएका गैर सरकारी संस्थालाई सम्झनु पर्दछ।

## परिच्छेद-२
## <u>उद्देश्य</u>

३. **<u>उद्देश्य</u>** : यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछः-

(क) पर्यटकलाई आफ्नो भ्रमण क्षेत्रको बारेमा पूर्व जानकारी गराउने,

(ख) पर्यटकीय क्षेत्रलाई सुरक्षित वनाउने,

(ग) गाउँपालिकाको पर्यटन प्रवर्द्धन गर्ने,

(घ) पर्यटकीय क्षेत्रमा रोजगारीका नयाँ सम्भावनाको खोजी गर्ने,

(ङ) पर्यटनलाई आय आर्जनको मुख्य क्षेत्रको रुपमा स्थापित गर्ने,

(च) एकीकृत पर्यटन सूचना केन्द्रलाई पर्यटन सम्बन्धी अध्ययन अनुसन्धानको केन्द्रको रुपमा स्थापित गर्ने,

(छ) पर्यटकीय क्षेत्रको दिगो विकास गर्ने,

(ज) अन्तर्राष्ट्रिय पर्यटन उद्यम बजारहरुमा प्रतिस्पर्धात्मक रुपमा पर्यटन प्रवर्द्धन गरी गाउँपालिकालाई प्रमुख पर्यटकीय केन्द्रको रुपमा विकास गर्ने ।

## परिच्छेद-३

## एकीकृत पर्यटन सूचना केन्द्रको स्थापना, सञ्चालन तथा व्यवस्थापन

४. **एकीकृत पर्यटन सूचना केन्द्रको स्थापना** : (१) गाउँपालिका भित्रको समग्र पर्यटनलाई प्रवर्द्धन र व्यवस्थापन गर्ने उद्देश्यले एकीकृत पर्यटन सूचना केन्द्रको स्थापना गरिनेछ ।

(२) एकीकृत पर्यटन सूचना केन्द्रको कार्यालय गाउँपालिकाको वडा नम्बर पाँच स्थित मकरीगाडमा रहने छ । आवश्यकताको आधारमा अन्य स्थानमा समेत सेवा केन्द्र स्थापना एवं सञ्चालन गर्न सकिनेछ ।

(३) उपदफा (१) बमोजिम स्थापना भएको एकीकृत पर्यटन सूचना केन्द्र सञ्चालनको लागि आवश्यक पर्ने भौतिक तथा मानवीय स्रोतको व्यवस्थापन गाउँ कार्यपालिकाको कार्यालयले गर्नेछ ।

५. **एकीकृत पर्यटन सूचना केन्द्रको सञ्चालन** : (१) एकीकृत पर्यटन सूचना केन्द्रलाई स्वस्थ, व्यावसायिक र व्यवस्थापकीय मूल्य मान्यताको आधारमा नवीन अवधारणा, सिद्धान्त र प्रविधिलाई आत्मसाथ गरी सञ्चालन गरिनेछ । यसको सञ्चालनमा उच्च व्यवस्थापकीय सीप, नैतिकता, निष्पक्षता, तटस्थता र पारदर्शिता कायम गरिनेछ ।

(२) एकीकृत पर्यटन सूचना केन्द्रको सञ्चालन गाउँपालिकाले आफ्नै व्यवस्थापनमा वा स्थानीय संस्था वा पर्यटनसँग सम्बन्धित विशिष्टकृत संस्थासँगको साझेदारी र सहकार्यमा गर्न सक्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एकीकृत पर्यटन सूचना केन्द्रको सञ्चालनमा व्यवस्थापकीय दक्षता बढाउन अनुभव प्राप्त कुनै व्यवस्थापकीय क्षेत्रमा ख्याती प्राप्त संस्था वा समूहसँग निश्चित समय तोकी व्यवस्थापन करार गरी सञ्चालनको जिम्मा दिन सकिने छ ।

(४) उपदफा (३) बमोजिम व्यवस्थापन करार गर्दा गाउँ कार्यपालिकाको बैठकबाट निर्धारण गरिएका सेवाका शर्त तथा सुविधा समावेश गरी गर्नु पर्नेछ ।

(५) एकीकृत पर्यटन सूचना केन्द्रको सञ्चालन सार्वजनिक विदाको दिनमा समेत खुला हुने गरी व्यवस्था मिलाइने छ ।

६. **सञ्चालक समिति सम्बन्धी व्यवस्था** : (१) एकीकृत पर्यटन सूचना केन्द्र सञ्चालनको लागि देहाय बमोजिमको एक सञ्चालक समिति रहने छः-

(क) गाउँपालिकाको अध्यक्ष -संयोजक

(ख) गाउँपालिकाको उपाध्यक्ष -सदस्य

(ग) संयोजक, आर्थिक विकास समिति -सदस्य

(घ) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(ङ) संयोजकले तोकेको पर्यटन व्यावसायी एक जना -सदस्य

(च) पर्यटन हेर्ने गरी तोकिएको कर्मचारी -सदस्य सचिव

(२) उपदफा (१) को खण्ड (ङ) बमोजिमको सदस्यको पदावधि दुई वर्षको हुनेछ र निज पुनःनियुक्त हुन सक्नेछ ।

(३) समितिको बैठकमा आवश्यकता अनुसार सो क्षेत्रको विज्ञलाई आमन्त्रित गर्न सकिनेछ ।

(४) समितिको बैठक कम्तीमा महिनाको एक पटक अध्यक्षले तोकेको मिति, समय र स्थानमा वस्नेछ।

(५) समितिको बैठक सम्बन्धी सूचना समितिका सदस्यहरुलाई सदस्य सचिवले उपलब्ध गराउनु पर्नेछ ।

(६) समितिको बैठकको अध्यक्षता संयोजकले गर्नेछ ।

(७) समितिको कूल सदस्य संख्याको पचास प्रतिशत सदस्य उपस्थित भएमा बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(८) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(९) समितिको बैठकको निर्णय संयोजकद्वारा प्रमाणित गरिनेछ ।

(१०) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

७. **समितिको काम, कर्तव्य र अधिकार** : दफा ६ को उपदफा (१) बमोजिमको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) एकीकृत पर्यटन सूचना केन्द्र सञ्चालन सम्बन्धी नीति, योजना, कार्यक्रम र बजेटको निर्धारण र स्वीकृत गर्ने,

(ख) एकीकृत पर्यटन सूचना केन्द्र सञ्चालनको लागि आवश्यक जनशक्ति व्यवस्थापन गर्ने,

(ग) एकीकृत पर्यटन सूचना केन्द्र मार्फत सञ्चालन हुने कार्यक्रमको निर्धारण र स्रोतको व्यवस्थापन गर्ने,

(घ) एकीकृत पर्यटन सूचना केन्द्रको उद्देश्य पूरा गर्नको लागि वाह्य स्रोतको परिचालन गर्ने,

(ङ) एकीकृत पर्यटन सूचना केन्द्र मार्फत सञ्चालन गरिने पर्यटकीय गतिविधिको वार्षिक कार्ययोजना स्वीकृत गर्ने,

(च) पर्यटन पूर्वाधार तथा सुविधाहरुको सुदृढीकरण गर्दै नयाँ पर्यटन स्थलहरुको विकास गर्दा ग्रामीण पर्यटन स्थलहरुको विकासलाई प्राथमिकता दिने र ग्रामीण पर्यटन विकासका विविध कार्यक्रमहरु सञ्चालन गर्न स्थानीय ग्रामीण समुदायलाई उत्प्रेरित गर्ने,

(छ) पर्यटन व्यवसायको स्थापना, सुधार, विकास, विस्तार, प्रवर्द्धन तथा संरक्षण गर्ने सम्वन्धमा पूर्वाधार विकास, पर्यटन सेवा, सुविधा विस्तार, जनशक्ति विकास र पर्यटन स्थलहरुको पर्यावरण संरक्षण गर्ने कार्य समेतका सम्बन्धमा आवश्यक कार्यक्रम तर्जुमा गरी एकीकृत पर्यटकीय सूचना केन्द्र मार्फत कार्यान्वयन गर्ने गराउने,

(ज) पर्यटकलाई सेवा प्रदान गर्ने व्यक्ति, संस्था वा निकायको क्रियाकलापमा समन्वय कायम गर्ने,

(झ) पर्यटन क्षेत्रको विकास, विस्तार र प्रवर्द्धन गर्नको लागि निजी पर्यटन व्यवसायको, विस्तार र प्रवद्धन गर्नका लागि निजी क्षेत्रको सहभागितालाई अधिकतम मात्रामा प्रोत्साहन गर्ने गराउने,

(ञ) पर्यटन व्यवसायको विकास र विस्तारका लागि आवश्यक पर्ने प्राविधिक एवं वित्तीय आधारहरु तयार पारी सोही अनुसार पर्यटन विकाससँग सम्बन्धित कार्यक्रमहरु एकीकृत पर्यटन सूचना केन्द्र मार्फत कार्यान्वयन गर्ने गराउने,

(ट) पर्यटन जनचेतनाको लागि विभिन्न तहमा प्रचार, प्रसारका कार्यक्रमहरु तर्जुमा गरी एकीकृत पर्यटकीय सूचना केन्द्र मार्फत कार्यान्वयन गर्ने गराउने,

(ड) पर्यटन पेशमा आवद्ध हुन चाहने जनशक्तिको विकास गर्न तालिम, क्षमता विकास तथा प्रशिक्षण जस्ता कार्यक्रम सञ्चालन गर्ने, गराउने,

(ढ) एकीकृत पर्यटन सूचना केन्द्रलाई गुणस्तरीय, विश्वासनीय केन्द्रको रुपमा विकास गरी पर्यटनसँग सम्बन्धित अध्ययन, अनुसन्धान केन्द्रको रुपमा विकसित गर्न पहल गर्ने ।

८. **स्रोत साधन सम्बन्धी व्यवस्था** : (१) एकीकृत पर्यटन सूचना केन्द्र सञ्चालनको लागि आवश्यक वित्तीय व्यवस्थापन गर्न एकीकृत पर्यटकीय सूचना केन्द्र सञ्चालन कोषको स्थापना गरिने छ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमका रकम रहनेछः-

(क) गाउँपालिकाबाट प्राप्त रकम,

(ख) नेपाल सरकारबाट प्राप्त अनुदानको रकम,

(ग) प्रदेश सरकारबाट प्राप्त अनुदानको रकम,

(घ) पर्यटन बोर्डबाट प्राप्त अनुदानको रकम,

(ङ) गैर आवासीय नेपाली, अन्तर्राष्ट्रिय संघ, संस्था र दाताहरुबाट प्राप्त रकम,

(च) दान पेटीकामा जम्मा भएको रकम,

(छ) कोषको आफ्नै आम्दानीबाट प्राप्त रकम,

(ज) व्यवस्थापन तथा सेवा शुल्क वापत प्राप्त रकम,

(झ) पर्यटन र संस्कृतिसँग सम्वद्ध संस्थाहरुबाट प्राप्त रकम,

(ञ) वातावरण तथा सरसफाई सेवा शुल्क,

(ट) स्वदेशी विभिन्न सरकारी तथा गैरसरकारी संघ संस्था, सामुदायिक संस्थाबाट प्राप्त रकम ।

(३) गाउँपालिकाले पर्यटन सूचना केन्द्रको सञ्चालन गर्दा कोषको दिगो व्यवस्थापन र परिचालनमा ध्यान दिनेछ ।

(४) कोषमा प्राप्त रकम राष्ट्र बैंकबाट स्वीकृति प्राप्त “क” वर्गको वाणिज्य बैंकमा जम्मा गरिनेछ ।

(५) कोषको खाता गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतबाट सञ्चालन गरिनेछ ।

(६) कोषको रकमको आन्तरिक लेखापरीक्षण गाउँपालिकाबाट हुनेछ भने अन्तिम लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

९. **व्यवस्थापन तथा सेवा शुल्क सम्बन्धी व्यवस्था** : एकीकृत पर्यटन सूचना केन्द्रले पर्यटनसँग सम्बन्धित गतिविधि सञ्चालन गर्दा गाउँपालिकाले तोके बमोजिमको व्यवस्थापन तथा सेवा शुल्क लिन सक्नेछ । व्यवस्थापन तथा सेवा शुल्क वापत प्राप्त हुने रकम दफा ८ बमोजिमको कोषमा जम्मा गरिनेछ ।

१०. **एकीकृत पर्यटन सूचना केन्द्र सञ्चालनको लागि आवश्यक उपकरण र अन्य व्यवस्थापन** : (१) एकीकृत पर्यटन सूचना केन्द्रमा सञ्चार र सूचना प्रविधि सम्बन्धी सेवा प्रदान गर्न आवश्यक कम्प्यूटर, प्रिन्टर, स्क्यानर, फोटोकपी मेसिन, सीसी क्यामेरा, टि.भी., डिस्प्ले वोर्ड, टेलिफोन जस्ता उपकरणको व्यवस्थापन गरिनेछ ।

(२) गाउँपालिकाले पर्यटन सूचना केन्द्रको लागि इन्टरनेट सेवा प्रदायकबाट सहुलियत दरमा गतिको उच्च गतिको इन्टरनेट सेवा जडान गर्नेछ ।

(३) एकीकृत पर्यटन सूचना केन्द्रबाट पर्यटकहरुलाई आवश्यक सम्पूर्ण सूचना प्रदान गर्न वेवसाइट, मोवाइल एप्लिकेशन र विभिन्न सामाजिक संजालको प्रयोग गरिनेछ जसको सर्भर व्यवस्थापन, होस्टिङ लगायतका काम गाउँपालिकाबाट गरिनेछ ।

(४) एकीकृत पर्यटन सूचना केन्द्रमा आवश्यक सूचना, श्रव्य दृश्य, सूचना वोर्ड, वृत्तचित्र, फोटो, भिडियो तथा अन्य प्रवर्द्धनात्मक सामग्री व्यवस्था गरी नियमित अध्यावधिक गरिनेछ ।

(५) एकीकृत पर्यटन सूचना केन्द्रमा बसेर वाह्य तथा आन्तरिक पर्यटक आफैले कम्प्युटरको प्रयोग मार्फत आवश्यक सूचना तथा जानकारी लिन सक्नेछन्।

(६) एकीकृत पर्यटन सूचना केन्द्रमा पर्यटन क्षेत्रको अध्ययन अनुसन्धानमा उपयोगी हुने एक पुस्तकालय रहनेछ ।

११. **सेवा प्रवाह सम्बन्धी व्यवस्था** : एकीकृत पर्यटन सूचना केन्द्रबाट देहाय बमोजिमका सेवाहरु प्रदान गरिनेछः-

(क) सोधपुछ सहायता कक्षको व्यवस्था,

(ख) सेवा प्रवाह कक्ष,

(ग) गाउँपालिका भित्रको पर्यटकीय, ऐतिहासिक, धार्मिक स्थलको जानकारी,

(घ) पदमार्ग रुट सम्बन्धी जानकारी,

(ङ) मौसम सम्बन्धी जानकारी,

(च) ट्रेकिङ गाईड सम्बन्धी जानकारी,

(छ) होमस्टे सम्बन्धी जानकारी,

(ज) संरक्षण क्षेत्रभित्र पालना गर्नु पर्ने नियम सम्बन्धी जानकारी,

(झ) इमेल इन्टरनेटमा पहुँच,

(ञ) जैविक विविधता, हिमाली क्षेत्र र सँस्कृतिको अध्ययन अनुसन्धान,

(ट) जलवायु परिवर्तन सम्बन्धी खोज अनुसन्धान,

(ठ) पर्यटन र प्रविधिको संयोजन सम्बन्धी जानकारी एवं खोज,

(ड) समुदाय परिचालन सम्बन्धी नमूना,

(ढ) आकस्मिक उद्धार एवं आकस्मिक उपचारको लागि समन्वय,

(ण) हराएका सामानको सम्पर्क ।

अपिहिमाल गाउँपालिका

१२. **जनशक्ति सम्बन्धी व्यवस्था** : (१) एकीकृत पर्यटन सूचना केन्द्र सञ्चालनको लागि देहाय बमोजिमका जनशक्तिहरु रहने छन्;-

(क) सूचना प्रविधि अधिकृत एक जना,

(ख) सहायक कर्मचारी एक जना,

(ग) कार्यालय सहयोगी एक जना ।

(२) सूचना प्रविधि अधिकृतले एकीकृत पर्यटन सूचना केन्द्रको प्रमुख कर्मचारी भई कार्य गर्नेछ ।

(३) सूचना प्रविधि अधिकृत र सहायक कर्मचारी नियुक्त गर्दा स्थानीय भाषा, संस्कृति, भूगोल र अंग्रेजी भाषामा विशेष दख्खल भएको व्यक्तिलाई प्राथमिकता दिइनेछ ।

(४) उपदफा (१) बमोजिमका जनशक्तिको साथै अन्य साझेदार संस्था मार्फत इन्टर्नसीप, स्वयं सेवकको रुपमा प्राप्त जनशक्तिलाई समेत एकीकृत पर्यटन सूचना केन्द्रको काममा लगाउन सकिनेछ ।

(५) उपदफा (१) बमोजिमका जनशक्तिले प्राप्त गर्ने सेवा सुविधा गाउँ कार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

१३. **एकीकृत पर्यटन सूचना केन्द्रको प्रमुख कर्मचारीको काम, कर्तव्य र अधिकार** : एकीकृत पर्यटन सूचना केन्द्रको प्रमुख कर्मचारीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) केन्द्रमा आउने आन्तरिक तथा वाह्य पर्यटकहरुलाई आवश्यक सूचना, सहयोग र सल्लाह उपलब्ध गराउने,

(ख) कार्ययोजनाको उद्देश्य परिपूर्ति गर्ने कार्यमा सहयोग गर्ने,

(ग) सूचना केन्द्रको लागि आवश्यक श्रव्यदृष्य, फोटो, भिडियो उत्पादन एवं संकलन गरी प्रदर्शन गर्ने व्यवस्था मिलाउने,

(घ) पर्यटन प्रवर्द्धन सम्बन्धी गतिविधि सञ्चालन गर्ने,

(ङ) पर्यटनसँग सम्बन्धित सरोकारवालाहरुसँग आवश्यक समन्वय गर्ने,

(च) एकीकृत पर्यटन सूचना केन्द्रको भौतिक साधन, फर्निचर, कम्प्युटर, सूचना प्रविधि सम्बन्धी अन्य साधनको रेखदेख गर्ने।

## परिच्छेद-४

## विविध

१४. **समन्वय र सहजीकरण गर्ने** : एकीकृत पर्यटन सूचना केन्द्रले अन्य निकाय तथा संस्थासँग समन्वय गर्दा गाउँपालिका मार्फत गर्नु पर्नेछ ।

१५. **<u>परामर्श लिन सक्ने</u>** : एकीकृत पर्यटन सूचना केन्द्रले यसको सञ्चालनको लागि पर्यटनसँग सम्बन्धित वाह्य विज्ञहरुसँग सल्लाह र परामर्श लिन सक्नेछ ।

१६. **<u>गुनासो व्यवस्थापन</u>** : एकीकृत पर्यटन सूचना केन्द्रको सेवा र गतिविधि सम्बन्धी गुनासो र उजुरी सुनुवाईको लागि कार्यपालिकाले एकजना अधिकृत कर्मचारीलाई तोक्नेछ ।

१७. **<u>अनुगमन तथा मूल्याङ्कन सम्बन्धी व्यवस्था</u>** : एकीकृत पर्यटन सूचना केन्द्र र यसबाट सञ्चालित गतिविधिहरुको अनुगमन तथा मूल्याङ्कन समितिबाट हुनेछ ।

१८. **<u>अधिकार प्रत्यायोजन गर्न सक्ने</u>** : समितिले यस कार्यविधि बमोजिम आफूलाई प्राप्त अधिकार अध्यक्ष वा प्रमुख प्रशासकीय अधिकृतले गर्ने गरी प्रत्यायोजन गर्न सक्नेछ।

१९. **<u>संशोधन तथा बाधा अडकाउ फुकाउ</u>** : (१) यस कार्यविधिलाई कार्यपालिकाले आवश्यकता अनुसार  परिमार्जन, संशोधन र खारेज गर्न सक्नेछ ।

(२) यस कार्यविधिको उद्देश्य कार्यन्वयन गर्न कुनै बाधा अडकाउ परेमा कार्यपालिकाले त्यस्तो वाधा अडकाउ हटाउन आदेश जारी गर्न सक्नेछ ।

२०. **<u>यस कार्यविधि बमोजिम हुने</u>** : (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस कार्यविधिमा लेखिएका कुरा यसै कार्यविधि बमोजिम हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यस कार्यविधिमा लेखिएका कुरा संविधान, संघीय कानून प्रदेश सरकार गाउँपालिकाको अन्य कानूनसँग बाझिएमा बाझिएको हद सम्म स्वतः बदर वा खारेजी हुनेछ ।

<u>प्रमाणिकरण मितिः</u>

आज्ञाले,
ईन्द्र बहादुर रावल
प्रमुख प्रशासकीय अधिकृत